# Tribhuvan University
# त्रिभुवन विश्वविद्यालय

Institute of Science and Technology
CENTRAL CAMPUS OF TECHNOLOGY, DHARAN
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
केन्द्रीय प्रविधि क्याम्पस, धरान

प. सं. : ......................
Ref No. : .................

मिति २०७८।०५।२३

## सूचना

कोरोना भाईरस (कोभीड - १९) को दोश्रो लहरको जोखिम रोकथाम तथा फैलावट नियन्त्रणका लागि गत २०७८ वैशाख १७ गते राती देखि सुनसरी जिल्ला भरी निषेधाज्ञा जारी गरी यस क्याम्पस सोही मिति देखि अत्यावश्यक सेवा तथा कामकाज गर्ने गरी बन्दाबन्दीको स्थितिमा रहेकोमा मिति २०७८ आषाढ १५ देखि सबै सरकारी कार्यालय, वित्तिय संस्था आदि नियमित सेवा प्रदान गर्ने गरी सुचारु भएता पनि क्याम्पसहरुमा पठनपाठन भौतिक रुपमा नभई अनलाईन कक्षाको माध्यमबाट सञ्चालन हुँदै आएकोले हालसम्म अध्यापनरत शिक्षकहरुले अनलाईन कक्षाको Teams App. मार्फत हाजीरी जनाउँदै आउनु भएको सन्दर्भमा हाल देशको करीव एक तिहाई जनसंख्याले कोभिड १९ विरुद्ध खोप प्राप्त गरिसकेको, विगतको निषेधाज्ञाको अवस्था दिनानुदिन क्रमश: खुकुलो हुँदै गएको, हाल निषेधाज्ञाको अवस्था नरहेको तथा त्रिभुवन विश्वविद्यालयले गत महिना देखि नै सबै बार्षिक तथा सेमेष्टर परीक्षाहरु सञ्चालन गरिरहेको र अब छिटै नै विश्वविद्यालयले भौतिक उपस्थितिमा पठन पाठन सुचारु गर्न गईरहेको लगायत आगामी महिनामा बि.एस्सी. प्रथम, दोश्रो बर्षको प्रयोगात्मक परीक्षा सञ्चालनको लागि तालिका प्रकाशित गर्ने तयारीमा रहेको तथा क्रमश: अन्य बर्ष/सेमेष्टरहरुको प्रयोगात्मक परीक्षा सञ्चालन हुँदै जाने परिप्रेक्ष्यमा उक्त परीक्षाहरुलाई सहजीकरण गर्न, अनुसन्धानात्मक कार्यहरुमा सरीक हुन, विभिन्न विभागिय कार्यहरु अद्यावधिक गर्न तथा विभागिय योजना बनाउन तथा क्याम्पसको प्राज्ञिक कार्यहरुमा संलग्न हुन आउँदो **२०७८ आश्विन १ गते शुक्रबार** देखि यस क्याम्पसमा कार्यरत सबै प्राध्यापक /शिक्षकवर्गले भौतिक रुपमा अनिवार्य उपस्थित हुनु भई ई-एटेन्डेन्स मार्फत हाजीरी हुन पर्ने गरी व्यवस्था मिलाईएको व्यहोरा यसै सूचनाव्दारा सम्बन्धीत सबैमा जानकारी गराउँदछु ।

कोभिड -१९ बाट सृजित विषम परिस्थितिमा अनलाईन कक्षा सञ्चालन तथा क्याम्पसको शैक्षिक गतिविधिहरुमा प्राध्यापक/ शिक्षकवर्गले देखाउनु भएको सदासयता तथा सहयोगको लागि हार्दिक धन्यवाद दिँदै भौतिक कक्षाहरु सुचारु नभएसम्म हाललाई अनलाईन कक्षाहरु यथावत लिई दिनु हुन अनुरोध गर्दै आगामी दिनहरुमा समेत क्याम्पस प्रशासनले यहाँहरुबाट यस्तै सहयोग, समन्वयको हार्दिक अपेक्षा गरिएको व्यहोरा अनुरोध गर्दछु ।

.............................
(डा.दिलकुमार लिम्बु)
क्याम्पस प्रमुख
क्याम्पस प्रमुख

P. O. Box : 4, Dharan-14, Sunsari, Nepal
पोष्ट बक्स नं. : ४, धरान-१४, सुनसरी, नेपाल
Tel. : 977-025-520228, Fax : 977-25-526530
: 977-025-526530
email : cctdharan14@gmail.com
website : http:/www.cctdharan.edu.np